नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
(नागरिकता शाखा)

फोन:- ०८८-५३००४०
०८८-५३००९०
फ्याक्स:- ०८८-५३००९०
Web:- www.daorukumwest.moha.gov.np
E-Mail:- daorukum@gmail.com

पत्र संख्या:-०७९/०८०
च.नं:-३६६०

मुसिकोट रुकुम (पश्चिम)
मिति: २०८०/०३/११

श्री स्थानीय तह सबै,
रुकुम (पश्चिम) ।

## विषय:- नागरिकता सिफारिश गर्ने सम्बन्धमा ।

उपरोक्त विषयमा जन्मको आधारमा नागरिकता प्राप्त गरेका नागरिकका सन्तानलाई नागरिकता प्रदान गर्ने सम्बन्धमा नेपाल नागरिकता ऐन २०६३ लाई संशोधन गर्न बनेको ऐन (नेपाल नागरिकता ऐन पहिलो संशोधन, २०७९) जारी भएकोमा सम्मानित सर्वोच्च अदालतको मिति २०८०/०३/०७ को आदेशले मिति २०८०/०२/२१ मा जारी भएको अल्पकालिन अन्तरिम आदेशलाई निरन्तरता दिन मिलेन भनी आदेश भएकोले जन्मका आधारमा नागरिकता प्राप्त गरेका व्यक्तिका सन्तानले नागरिकता प्राप्तिका लागि तपसिलमा उल्लेख भएका कागजातहरु संलग्न राखी सिफारिस गर्न अनुरोध छ । साथै, नागरिकता सम्बन्धी कुनै पनि किसिमको गलत सिफारिश भएमा तत्काल प्रचलित नागरिकता ऐन बमोजिम कारवाही हुने व्यहोरा समेत तहाँ अन्तर्गत सबै वडा कार्यालयहरुलाई जानकारी गराईदिनहुन आदेशानुसार अनुरोध छ ।

## नागरिकता सिफारिश गर्दा पेश गर्नुपर्ने कागजातहरु

१. रु.१० को हुलाक टिकट सहित वडा अध्यक्षको सिफारिश सहितको अनुसूची-१ फाराम ।
२. बावु र आमाको नागरिकता प्रमाणपत्रको प्रतिलिपि/ (उपलब्ध भएमा हजुरबुबाको समेत)
३. जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
४. बुबा र आमासंग नाता खुल्ने फोटो सहितको नाता प्रमाणित प्रतिलिपी ।
५. आमाको नागरिकता प्रमाणपत्रमा पतिको नाम कायम नभएको भए विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि / विवाह प्रमाणित प्रतिलिपी ।
६. बुबा र आमाको मृत्यु भएको भए मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
७. बुबा र आमा वा सन्तानको नाममा जग्गाधनी प्रमाण पुर्जा वा मोहियानी हकको प्रमाणपत्र ।
८. अन्यत्रबाट बसाईसराई गरी आएको हकमा बसाईसराई दर्ता प्रमाणपत्र ।
९. स्थायी बसोबास भएको जनाउने कागजातहरु जस्तै: विद्युत/ पानीको महशुल तिरेको बिल वा स्थायी लेखा नम्बर वा व्यवसाय दर्ता प्रमाणपत्र, सुकुम्बासी भए सुकुम्बासी परिचयपत्र र निजहरुले भोगचलन गरिरहेको जग्गाको निस्सा, बाबु/ आमाको मतदाता परिचय पत्र र राष्ट्रिय परिचय पत्र।
१०. शैक्षिक योग्यता (SEE वा सो भन्दा माथि) को प्रतिलिपी ।

सहायक प्रमुख जिल्ला अधिकारी

फोन:- ०८८-५३००४०
०८८-५३००१०
फ्याक्स:- ०८८-५३००१०
Web:- www.daorukumwest.moha.gov.np
E-Mail:- daorukum@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
(नागरिकता शाखा)

पत्र संख्या:-०७९/०८०
च.नं:-

मुसिकोट रुकुम (पश्चिम)
मिति: २०८०/०३/११

११. पारिवारिक विवरण ।(नेपालमा कहिले देखि बसोबास गरेको तथा हाल के पेशामा संलग्न रहेको खुलेको कागजात ।

१२. कम्तिमा १ जना वडा सदस्य सहित नागरिकता प्राप्त छिमेकीहरु गरी पाँच जनाको वडा मुचुल्का

१३. २०६३ को नागरिकता टोलीले नाबालक दर्ता गरेको भए सो को निस्सा ।

यसरी प्राप्त भएको निवेदन उपर आवश्यकता अनुसार छानबिन गरी प्रहरी सर्जमिन, गोप्य प्रतिवेदन बुझी नागरिकता प्रदान गरिने सम्वद्ध सबैको जानकारीको लागि अनुरोध छ ।

०८०।०३।११

( प्रवेश बढुवाल )
सहायक प्रमुख जिल्ला अधिकारी
सहायक प्रमुख जिल्ला अधिकारी